कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, उदयपुर

त्रियुगा, नेपाल

पत्र संख्या:- ०८२/०८३

च.नं. - १०५४

मिति : २०८३।०३।१०

विषय — भुक्तानी सम्बन्धी जरुरी सूचना ।

यस पूर्वाधार विकास कार्यालय, उदयपुरबाट आर्थिक वर्ष २०८२/८३ मा सम्झौता भएका योजनाहरुको भुक्तानीको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम (३०) को उपनियम (७) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा एक हप्ता पहिला नै महालेखा नियन्त्रक कार्यालयको विद्युतीय भुक्तानी प्रणाली बन्द हुने प्रावधान रहेको व्यहोरा सम्बन्धित सबैमा अवगत गराइन्छ। विशेष गरी असार महिनामा भुक्तानीको चाप बढी भई सर्भर डाउन हुने, सिस्टम नचल्ने अवस्था सिर्जना हुन सक्ने भएकोले यस आर्थिक वर्ष २०८२/८३ का लागि यस कार्यालयसँग सम्झौता भई निर्माण कार्य सम्पन्न भएका सम्पूर्ण कार्यहरुको मिति २०८३ आषाढ १९ गते भित्र नै भुक्तानीका लागि आवश्यक प्रक्रिया (प्राविधिक मूल्याङ्कन, बिल भरपाई तथा अन्य आवश्यक कागजातहरु पेश गर्ने कार्य) पुरा गरी भुक्तानी लिनुहुन सबैमा जानकारी गराईन्छ। भुक्तानी प्रणालीमा अत्याधिक चापका कारण भुक्तानी हुन नसकेमा आर्थिक वर्ष २०८३/८४ मा भुक्तानी नहुने तया उक्त असुविधाको सम्पूर्ण जवाफदेहिता निर्माण व्यवसायी/उपभोक्ता समिति स्वयमले वहन गर्नुपर्ने व्यहोरा समेत सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराईन्छ।

..............................

ओम प्रकाश आचार्य

लेखा प्रमुख

..............................

2083-03-10

गंगा सागर यादव

कार्यालय प्रमुख

कार्यालय प्रमुख

(नि.इ.इ.)